नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ४१ २०७९ साल भदौ २० गते सोमबार (5 Sep 2022 Monday) मूल्य रु. ५/-




Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : राष्ट्रपतिले नागरिकता विधेयक.. ३ पृष्ठमा : जग्गाको वर्गीकरण नहुँदा घर ... ३ पृष्ठमारोहिङ्ग्या आप्रवासी बंगलादेशका.

# सप्तरी क्षेत्र नं. २ बाट जसपा अध्यक्ष उपेन्द्र यादवको नाम प्रतिनिधिसभा सदस्यका लागि सिफारिस



**दैनिक समाचारदाता**
**राजविराज, १९ भदौ ।**

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवको नाम सप्तरी क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यका लागि सर्वसम्मत रुपले सिफारिस भएको छ ।

जसपा सप्तरी निर्वाचन क्षेत्र नं. २ को आइतबार सम्पन्न बैठकले अध्यक्ष यादवलाई सर्वसम्मत रुपले सिफारिस गरिएको क्षेत्रीय अध्यक्ष नारायण प्रसाद यादवले जानकारी दिएका छन् ।

यसअघि उनको नाम जिल्लाको ४ वटै संघीय निर्वाचन क्षेत्रबाट सिफारिस भएको जसपा सप्तरीका अध्यक्ष केदार प्रसाद यादवले बताए । उनी २०७४ सालको निर्वाचनमा क्षेत्र नं. २ बाटै प्रतिनिधिसभा सदस्यमा विजयी भएका थिए ।

यस्तै सप्तरी निर्वाचन क्षेत्र नम्बर १ बाट अध्यक्ष यादवसहित वर्तमान प्रतिनिधिसभा सदस्य डा. सुर्य नारायण यादव, पार्टीका केन्द्रिय कार्यकारिणी समिति सदस्य एवं (ख) का प्रदेश सभा सदस्य तथा मधेश प्रवेशका सामाजिक विकासमन्त्री नवलकिशोर साहको नाम सिफारिस भएको छ ।

यसैगरी क्षेत्र नं. ३ बाट अध्यक्ष यादवसहित पार्टीका राजनैतिक समिति सदस्य एवं मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, राजनैतिक समिति सदस्यहरु कैलाश प्रसाद यादव, विशेश्वर रजक, केन्द्रिय सदस्य शिवराम साहको नाम सिफारिस भएको छ ।

यस्तै क्षेत्र नं. ४ मा अध्यक्ष यादवसहित मनोज यादव, हेमायू हक, मनोज कुमार यादवको नाम उम्मेदवारका लागि सिफारिस भएको छ ।

# निर्वाचन तथा चाडपर्वलाई लक्षित गर्दै प्रहरीले सुरु गर्‍यो विशेष सुरक्षा योजना

**दैनिक समाचारदाता**
**राजविराज, १९ भदौ ।**

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन तथा नजिकिदै गरेको चाडपर्वलाई लक्षित गर्दै जिल्ला प्रहरी कार्यालय सप्तरीले विशेष सुरक्षा योजना प्रभावकारी बनाउन आवश्यक तयारी शूरु गरेको छ ।

प्रहरीले विभिन्न संघ, संस्था, कार्यालय, उधोगी, व्यवसायी र सरोकारवालासंगको शान्ति सुरक्षलाई चुस्त राख्न विशेष सुरक्षा योजना निर्माण गर्ने क्रममा छलफललाई तिब्रता दिएको हो ।

पछिल्लो पटक राजविराजस्थित बैंक तथा वित्तिय संस्था तथा सुनचाँदी व्यवससायीसंग शान्ति सुरक्षा

***बाँकी दुई पृष्ठमा***

# साझाको वृहत पुस्तक प्रर्दशनी सुरु



**दैनिक समाचारदाता**
**राजविराज, १९ भदौ ।**

साहित्यिक संस्था साझा प्रकाशन शाखाले १५ औं पुस्तकालय दिवस एवं वडा दशैको अवसर पारेर राजविराजमा बृहत पुस्तक प्रर्दशनीको आयोजना गरेको छ ।

सो पुस्तक प्रर्दशनीको राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परविनले उदघाटन गरेकी छिन् ।

उद्घाटन गर्दै उनले यस्ता प्रर्दशनीले सम्पुर्ण भाषा, साहित्य, कला र संस्कृतिको श्रीवृद्धिमा टेवा पुर्‍याउने विश्वास ब्यक्त गर्दै शैक्षिकस्तर सुधार र प्रत्येक भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण र विकासका लागी राजविराज नगरपालिकाबाट हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जनाइन ।

शाखा प्रबन्धक मनोज कुमार माझीले पठन संस्कृतिको विकास तथा ज्ञानवर्द्धक र उपयोगी पुस्तकको विक्री वितरण बृद्धि गर्ने उद्देश्यले पुस्तक प्रर्दशनीको आयोजना गरिएको बताए ।

१३ दिनसम्म चल्ने उक्त प्रर्दशनीमा साहित्य, संस्कृति, कला, इतिहास, धार्मिक ग्रन्थ, शब्दकोष संग सम्बन्धित २ हजार ५ सय भन्दा बढी शिर्षकका पुस्तक छन । प्रर्दशनीमा कपी समेत राखिएको छ । एक हजार ६ सय भन्दा बढी लेखकको कृति राखिएको प्रर्दशनी ३१ भाद्र सम्म चल्ने र उक्त अवधी भर विभिन्न विद्याका पुस्तकमा २५ देखि ८० प्रतिशत सम्म छुटको व्यवस्था गरिएको सो संस्थाले जनाएको छ ।

# नागरिकता विधेयक पुन: प्रतिनिधिसभामा

काठमाडौ, १९ भदौ (रासस) ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा राष्ट्रपतिबाट पुन:विचारका लागि फिर्ता भई राष्ट्रियसभाबाट पारित नेपाल नागरिकता (पहिलो संशोधन विधेयक) २०७९ प्रस्तुत भएको छ ।

राष्ट्रियसभाको शुक्रबारको बैठकले सो विधेयक पारित गरी प्रतिनिधिसभामा फिर्ता पठाएको जानकारी प्रतिनिधिसभाका सचिव गोपालनाथ योगीले बैठकलाई गराउनुभयो ।

राष्ट्रियसभाले सो विधेयकमा कुनै संशोधन नगरी पारित गरेको थियो ।



## सम्पादकीय

### उम्मेदवार चयनमा विशेष ध्यान देऊ

आउँदो मंसिर ४ हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा उम्मेदबार बन्न आकांक्षीहरु आ-आफ्नो पक्षबाट लबिङ गर्न थालेका छन् । उनीहरु पार्टी पंक्तिका विभिन्न व्यक्तिहरुबाट लबिङ सुरु गरेका हुन् । हुनत उम्मेदवारका आकांक्षीहरु अहिले आफूखुशी विभिन्न सामाजिक संजालमार्फत उम्मेदवार घोषणा गर्न तछाडमछाड गरेको पाइन्छ । पार्टीको निर्णय वा सिफारिस बिनानै उनीहरु अहिले सामाजिक संजालमार्फत तस्बिरसहितको पोष्टर पोष्ट गर्न अग्रपंक्तिमा देखिन्छन् । यस्ता गतिविधि गर्नेहरुमा एउटा दलको मात्र नभएर सम्पूर्ण दलका उम्मेदवारका आकांक्षी अग्रपंक्तिमा रहेका छन् ।

उम्मेदवार बन्नका लागि पार्टीको तल्लो स्तरबाटै नाम सिफारिस हुनु पर्ने प्रावधान रहेको छ । तर सो प्रावधानमार्फत नभएर आफूखुशी उम्मेदवार बन्नेहरुको संख्या एउटा पार्टीको दर्जन भन्दा बढी छन् । एउटै क्षेत्रबाट उम्मेदवारका आकांक्षीहरु आधा दर्जन भन्दा बढीको संख्यामा रहेका छन् । यसरी हेर्दा एउटै क्षेत्रबाट उम्मेदवारका आकांक्षीहरु विभिन्न पार्टी गरि दुई दर्जनभन्दा बढी रहेका छन् ।

हुनत पाँच वर्षमा हुने निर्वाचनको महाकुम्भमा जो कोही पनि राजनीतिक दलका नेता कार्यकर्ताहरु एक पटकका लागि आफ्नो भाग्य परिक्षा गर्नबाट पछाडी पर्न चाहदैनन् । राजनीति गर्ने व्यक्तिको अपेक्षा पनि आफू निर्वाचनमा खडा हुने र निर्वाचित हुने लक्ष्य रहेको हुन्छ । तसर्थ सम्पूर्ण दलले उम्मेदवारलाई चयन गर्दा योग्य, कर्मठ, जनता तथा विकास प्रेमी, सक्षमताप्रति विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेको छ ।

# राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणीकरण गर्नुको विकल्प छैन : संविधानविद्

काठमाडौँ, १९ भदौ (रासस) ।

नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक दोस्रो पटक पनि सङ्घीय संसद्बाट हुबहु पारित भएपछि अब के हुन्छ भन्ने चासो बढेको छ ।

यही भदौ २ गते प्रधितिनिधिसभा र १७ गते राष्ट्रियसभाबाट नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ हुबहु पारित भएको हो । नेपालको संविधानमा भएको व्यवस्था अनुसार राष्ट्रपति विद्यादेवी भण्डारीले पुनः विचारका लागि पठाएको उक्त विधेयक दुवै सदनले पुनः हुबहु पारित गरेपछि अब के हुन्छ भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो ।

संविधानविद् डा विपीन अधिकारीका अनुसार पुनः विचारका लागि पठाएको विधेयक दुवै सदनबाट पारित भएर सभामुखले प्रमाणित गरेर पठाइसकेको विधेयकलाई राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्ने हुन्छ । "एकपटक पुनः विचारका लागि पठाउने राष्ट्रपतिको संवैधानिक अधिकार हो" उहाँले भन्नुभयो, "अब प्रमाणीकरणका लागि पठाएपछि १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने हुन्छ ।"

यसअघि उक्त विधेयक प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित गरी गत साउन १६ गते प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाइएको थियो । राष्ट्रपतिले नेपालको संविधानबमोजिम सङ्घीय संसद्बाट पुनःविचार हुन आवश्यक देखिएको उल्लेख गर्दै आठ बुँदासहित गत साउन २९ गते संसद्मा फिर्ता पठाउनुभएको थियो । दुवै सदनले पुनः विचार गरी फेरि प्रमाणीकरणका लागि पठाउने तयारी भइरहेको छ । वरिष्ठ अधिवक्ता डा चन्द्रकान्त ज्ञवालीका अनुसार संविधानले सन्देशसहित पुनः विचार गर्न सदनलाई पठाउने अधिकार छ । त्यो संवैधानिक व्यवस्था हो ।

"अन्य मुलुकमा जस्तै भारतमा पनि राष्ट्रपतिले विधेयक फिर्ता पठाएपछि सार्वजनिक सुनुवाइ नै गरेर पनि संशोधन गर्ने व्यवस्था छ"- संविधानविद्समेत रहनुभएका ज्ञवालीले थप्नुभयो,"राष्ट्रपतिले प्रमाणीकरण नगरिकन राख्ने व्यवस्थालाई पकेट भिटो भनिन्छ, त्यो व्यवस्था अमेरिकमा छ, तर नेपाल त्यो व्यवस्था छैन ।" उहाँका अनुसार नेपालको संविधानले पकेट भिटोसम्बन्धी परिकल्पना नै गरेको छैन । राष्ट्रपतिले जस्ताको तस्तै प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था छ । न्यायिक पुनरावलोकनको अवस्था आयो भने त्यसको दोष सरकार र संसद्ले लिनुपर्ने हुन्छ ।

उक्त विधेयक दुवै सदनबाट दोस्रो पटक पारित भइसकेको छ । तर सभामुखले प्रमाणित गरेर राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पठाउन बाँकी छ । संविधानविद् डा भीमार्जुन आचार्यका अनुसार राष्ट्रपतिले पुनः विचार गर्न पठाएपछि केही संशोधन गर्नुपर्ने थियो । "कानुनमा फिर्ता पठाउने सम्भवना छैन, पुनःविचार गर्न पठाउँदा हुबहु जस्ताको तस्तै पठाएर संसदीय अभ्यासभन्दा थेरै अमर्यादित काम संसद्ले गरेको हो"-उहाँले भन्नुभयो, "कानुनीरुपमा अब प्रमाणीकरण गर्न नसक्ने व्यवस्था छैन, राष्ट्रपतिले प्रमाणीकरण गर्नुको विकल्प छैन ।" उक्त विधेयकमा अङ्गीकृत नागरिकताको विषयमा विवाह गरेर आएका बुहारीलाई नागरिकता दिने समयअवधि नतोकिएको र विवाह गरेर ल्याउने वित्तिकै नागरिकता प्राप्त गर्ने व्यवस्था गरिएको विषयप्रति धेरैको चासो र चिन्ता बढेको हो । नेपालको संविधान २०७२ को धारा ११३ मा विधेयक प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेस गरिने विधेयक उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्षले प्रमाणित गरी पेस गर्नुपर्नेछ तर अर्थ विधेयकका हकमा अर्थ विधेयक हो भनी सभामुखले प्रमाणित गर्नु पर्नेछ भन्ने व्यवस्था छ ।

त्यस्तै, सोही धाराको उपधारा (२) मा प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेस भएको विधेयक १५ दिनभित्र प्रमाणीकरण गरी त्यसको सूचना यथासम्भव चाँडो दुवै सदनलाई दिनुपर्ने व्यवस्था छ । साथै, सोही धाराको उपधारा (३) प्रमाणीकरणका लागि पेस भएको अर्थ विधेयक बाहेक अन्य विधेयकमा पुनःविचार हुनु आवश्यक छ, भन्ने राष्ट्रपतिलाई लागेमा त्यस्तो विधेयक पेस भएको १५ दिनभित्र निजले सन्देशसहित विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउनेछ ।

उक्त धाराको उपधारा (४) ले राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनःविचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधनसहित पारित गरी पुनः पेस गरेमा त्यसरी पेस भएको १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नेछ भनेको छ । उक्त धाराको उपधारा (५) मा राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि विधेयक ऐन भन्ने व्यवस्था रहेको छ ।

# विश्वविद्यालयलाई प्राज्ञिक थलोका रुपमा कायम राख्न माग

काठमाडौँ, १९ भदौ (रासस) ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा विश्वविद्यालय राजनीतिकरणबाट आक्रान्त भएकाले त्यस्तो अवस्थामा सुधार गर्न माग गरिएको छ ।

बैठकमा समय लिएर नेपाली कांग्रेसका सांसद भीमसेनदास प्रधानले २०४८ सालदेखि त्रिभुवन विश्वविद्यालयमा भागबण्डाका आधारमा पदाधिकारी चयन गर्ने परम्परा थालनी भएको र यो क्रम नरोकिएकामा चिन्ता व्यक्त गर्नुभयो । नेता प्रधानले विद्यार्थी र पदाधिकारीबीच द्वन्द्व बढेको तथा विद्यार्थीले प्रश्न उठाउँदा मुद्दा लाग्ने अवस्था आएको पनि बताउनुभयो ।

उहाँले राजनीतिक पूर्वाग्रह राख्ने पदाधिकारी नियुक्त गर्दा यसको साख गिर्दो भएकाले यस प्रकारको समस्या समाधान गरी विश्वविद्यालयलाई प्राज्ञिक थलोका रुपमा कायम राख्न आग्रह गर्नुभयो । नेपाल मजदूर किसान पार्टीका सांसद प्रेम सुवालले नेपाल नागरिकता विधेयकबारे राष्ट्रपतिबाट प्राप्त सुझावसहितको सन्देशलाई ग्रहण नगरिएकामा आपत्ति जनाउनुभयो । उहाँले निर्वाचनको मिति घोषणा भइसकेकोपछि संसद्को बैठक चलाउनु नैतिकरुपमा उचित नहुने पनि धारणा राख्नुभयो ।

*निर्वाचन तथा...*

सम्बन्धि अन्तरक्रिया कार्यक्रममा आयोजना गरी आवश्यक सुझाव संकलन गरिएको छ ।

प्रहरी उपरिक्षक अभिनारायण काफ्लेका अनुसार बजार भित्रका बैंक, फाइनान्स, सुनचादी पसल जस्ता संवेदनशील आर्थिक क्षेत्रमा विशेष निगरानी गरिने योजना तयार पारिएको छ ।

चाडपर्वमा हुने चोरी, ठगी, लुटपाट, दुर्घट्ना लगायतका अपराधीक घट्ना नियन्त्रण तथा आगामी प्रदेश र प्रतिनीधी सभाको निर्वाचनलाई भयरहित एवं मर्यादित बनाउन सरोकारवालासंग पालै पालो छलफल र सुझाव संकलन गर्ने कार्य तिब्र बनाइएको प्रहरी उपरिक्षक काफ्लेको भनाइ छ ।

ट्राफिक प्रहरीसंगको. सहकार्यमा यात्रुलाई विचौलियाबाट जोगाउन बस पार्कहरुमा प्रहरी परिचालन गरी निगरानी बढाउने, कालोबजारी नियन्त्रणका लागी जिल्ला प्रशासन कार्यालय, खाद्य प्रविधी तथा गुणनियन्त्रण डिभिजन लगायतका कार्यालयको समन्वयमा बजार अनुगमन लगायतका कार्यक्रम पनि निर्वाचन तथा चाडवर्प लक्षित विशेष सुरक्षा योजनामा समावेश गर्ने तयारी गरिएको उनले जानकारी दिएका छन् ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## सूचना । सूचना ॥ सूचना ॥।

### कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५
**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी

# जग्गाको वर्गीकरण नहुँदा घर परिवारदेखि राजस्व संकलनमा समेत समस्या

काठमाडौँ, १९ भदौ (रासस)।

चालु आर्थिक वर्षको पहिलो महिना अर्थात् गत साउन महिनामा देशभरको घर जग्गाको कारोवारबाट रु दुई अर्ब ७३ करोड ७२ लाख ४१ हजार ५७ बराबर मात्रै राजस्व सङ्कलन भयो। उक्त महिनामा रु २० करोड १६ लाख ९७ हजार बराबरको सेवा कर सङ्कलन भयो। पूँजीगत लाभकर भने रु ७४ करोड ७२ लाख ८३ हजार छ सय ९२ बराबर मात्रै सङ्कलन भयो।

आव २०७८/७९ को पहिलो महिनामा रु आठ अर्ब १३ करोड ४१ लाख ६१ हजार छ सय ९० बराबरको राजस्व सङ्कलन भएको थियो। उक्त महिनामा रु ३८ करोड ९९ लाख ७३ हजार चार सय तीन बराबर सेवा शुल्क उठाइएको थियो भने रु दुई अर्ब चार करोड ६० लाख ६३ हजार तीन सय ११ बराबरको पूँजीगत लाभकर उठाइएको थियो। अघिल्लो आवको तुलनामा चालु आवको पहिलो महिनाको विवरण हेर्दा असाध्यै कम राजस्व सङ्कलन भएको देखिन्छ। पुँजीगत लाभकर सङ्कलनमा पनि यस्तै अवस्था देखिएको छ। गत आवको तुलनामा चालु आवको पहिलो महिनामा घरजग्गाको कारोबारबाट उठ्ने राजस्वमा झण्डै ७५ प्रतिशत बराबरको गिरावट आएको छ।

यसरी गिरावट आउनुमा गत जेठमा सरकारले जारी गरेको 'भूउपयोग नियमावली, २०७९' लाई पनि लिइएको छ। उक्त नियमावलीले जग्गाको वर्गीकरण नगरिकन बिक्री वितरणमा रोक लगाएको छ। नियमावलीले काठमाडौँ उपत्यकामा पाँच सय वर्गमिटर र तराई र भित्री मधेसमा छ सय ७५ वर्गमिटरभन्दा कम जग्गाको कित्ताकाट गर्न नपाइने व्यवस्था गरेको छ। कृषि क्षेत्रका रुपमा तोकिएको जग्गामा वर्गीकरण वा कित्ताकाट गर्न कडाइ गरिएका कारण कारोबारमा मन्दी आएको देखिन्छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता जनकराज जोशीका अनुसार भूउपयोगको सम्बन्धमा आवश्यक निर्णय गर्ने अधिकार स्थानीय तहलाई नै दिइएकाले उनीहरुले नै शिघ्र काम सम्पन्न गर्नुपर्ने हुन्छ। स्थानीय तहले नै आफ्नो क्षेत्रभित्रको जग्गाको वर्गीकरण गरेर सम्बन्धित मालपोत तथा नापी कार्यालयलाई जानकारी गराएपछि कारोबारमा कुनै पनि समस्या नहुने उहाँको भनाइ थियो।

कतिपय स्थानीय तहले भूउपयोग नियमावलीअनुसारको काम गरेपनि केहीले भने शुरु नै गरेका छैनन्। सरकारले आगामी मंसिर मसान्तसम्म त्यस अनुसारको काम सम्पन्न गर्न समयसीमा प्रदान गरेको छ। चन्द्रागिरि नगरपालिका-९ का वडाअध्यक्ष अच्यूत अधिकारीका अनुसार नगरपालिकाले भूउपयोग नियमावली अनुसार गर्नुपर्ने काम पूरा गरिसकेको छ।

नगरकार्यपालिकाले आवश्यक निर्णय गरिसकेको जानकारी दिँदै उहाँले नगरपालिका भित्रका सबै जग्गालाई गैरकृषि क्षेत्रको रुपमा उल्लेख गरिदिन भनी माग भई आएकाले सोही अनुसार गरिएको बताउनुभयो।

सबै स्थानीय तहले तोकिएअनुसार भूमिको वर्गीकरण नगर्दा घर जग्गाको कारोबार गरेर गर्जो टार्न खोज्नेका लागि भने समस्या परेको छ। घर खर्च चलाउन, अंशवण्डा गर्न तथा विदेश जान चाहेनका लागि पनि समस्या परिसकेको छ। यसले गर्दा राजस्व सङ्कलनमा नकारात्मक असर परेको छ। तीमध्येका एक हुनुहुन्छ नागार्जुन नगरपालिका-२ का रामबाबु शर्मा। उहाँले पैत्रिक सम्पत्तिमा अंशवण्डा गरेर बिक्री गर्न खोज्नु भएको थियो तर भूउपयोग नियमावलीअनुसार सबै जग्गाको वर्गीकरण नभइसकेकाले उहाँले आफ्नो काम गर्न पाउनुभएको छैन। जग्गाको वर्गीकरण नहुँदा मालपोत र नापी कार्यालयमा पनि सेवाग्राहीको चाप कम परेको छ। सेवाग्राही नै नभएपछि राजस्व सङ्कलनमा असर परेको उक्त कार्यालयले जनाएका छन्।

सरकारले जग्गाको लिखत रजिस्ट्रेशन पारित भएको १०० वर्ष पुगेका अवसर पारेर नै भूउपयोग नियमावली सार्वजनिक गरेको थियो। भूमि प्रशासनसम्बन्धी सेवामा सुशासन अभिवृद्धि गर्दै भूमिको नाप जाँच तथा तथ्याङ्कलाई थप गुणस्तरीय र विश्वसनीय बनाउने, जग्गाको लगत र पुराना ऐतिहासिक अभिलेखको सुरक्षा तथा व्यवस्थापनलाई प्राथमिकताका साथ अगाडि बढाएको छ। सहर तथा शहरोन्मुख क्षेत्रका अधिकांश जग्गा घर तथा आवास क्षेत्रका रुपमा मात्रै प्रयोग भएको पाइएपछि सरकारले भूउपयोग नियमावलीमार्फत नियमन गर्न खोजेको थियो।

नेपालमा पहिलो पटक विसं १९७९ वैशाख १ गते घर जग्गा कारोबारको लिखत रजिस्ट्रेशन पारित भएको थियो। नेपालका करीब दुई तिहाइ परिवार भूमिमा आश्रित छन्। नेपालको संविधानले सामाजिक न्याय र समानताको प्रत्याभूति गर्ने सन्दर्भमा मौलिक हकअन्तर्गत नै भूमिहीन दलितलाई एकपटक जग्गा उपलब्ध गराउने व्यवस्था गरेको छ। किसानलाई कृषियोग्य जग्गामा पहुँच उपलब्ध गराउने, भूमिहीन सुकुम्बासी, मुक्त कमैया, हलिया र अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्ने विषय पनि संविधानले सुनिश्चित गरेको छ।


जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुति गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९ मलेठ, सप्तरी
सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np

डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत: गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### रोहिङ्ग्या आप्रवासी बंगलादेशका निम्ति ठूलो बोझ

ढाका, १९ भदौ (रासस/एएनआई)।

बङ्गलादेशका प्रधानमन्त्री शेख हसिनाले रोहिङ्ग्या आप्रवासी बङ्गलादेशका निम्ति ठूलो बोझ बनेका बताउँदै त्यसलाई समाधान गर्न भारतको सक्रिय भूमिकाको आफूले अपेक्षा गरेको बताउनुभएको छ।

रोहिङ्ग्या आप्रवासीहरूलाई उनीहरूको मातृभूमि फर्कने सुनिश्चितताका निम्ति बङ्गलादेशले अन्तरराष्ट्रिय समुदायसँग सम्पर्क गरिरहेको बताउँदै उहाँले उक्त समस्या समाधानमा भारतको प्रमुख भूमिका हुनसक्ने उल्लेख गर्नुभएको छ।

सोमबारदेखि हुन लागेको आफ्नो भारत भ्रमणका सन्दर्भमा एएनआईसँगको कुराकानीमा उहाँले आफ्नो देशमा ११ लाख रोहिङ्ग्याको उपस्थितिले राज्य सञ्चालनमा चुनौती थपिएको चर्चा गर्दै रोहिङ्ग्या समस्या समाधानका निम्ति भारतसहित अन्य छिमेकी राष्ट्रहरूसँग पनि परामर्श भइरहेको बताउनुभयो। "अन्तरराष्ट्रिय समुदायले यस्तो कदम चालुन् जसले रोहिङ्ग्यालाई घरफर्कन् सहयोग पुगोस्," उहाँले भन्नुभयो।

आफ्नो सरकारले मानवीय पक्षलाई दृष्टिगत गरी विस्थापित समुदायलाई आश्रय दिएको तथा उनीहरूको हेरचाह गरिरहको बताउँदै बङ्गलादेशका प्रधानमन्त्रीले कोरोना महामारीको कठिन समय पनि मानवीय आधारमा सहयोग गरेको तथा सबै रोहिङ्ग्यालाई खोप उपलब्ध गराएको सुनाउनुभयो। उहाँले प्रतिप्रश्न गर्नुभयो, "तर उनीहरू कहिलेसम्म यहाँ बस्ने ?" चाँडोभन्दा चाँडो उनीहरूलाई स्वदेश फर्काउँदा बङ्गलादेशका साथै म्यान्मालाई पनि राम्रो हुने उहाँले उल्लेख गर्नुभयो।

रोहिङ्ग्याको उपस्थितिले बङ्गलादेशको सामाजिक संरचनामा समस्या उत्पन्न भएको, कोही लागु औषध ओसारपसारमा लागेका, कोही हतियारसहित द्वन्द्व निम्त्याउनेतर्फ लागेका र कोही महिला बेचबिखनमा संलग्न भएका बताउँदै प्रधानमन्त्री हसिनाले उनीहरूको शीघ्र घर फिर्तीका लागि दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान) तथा संयुक्त राष्ट्रसङ्घलगायत अन्तरराष्ट्रिय समुदायसँग छलफलमा रहेको जानकारी दिनुभयो।

आफ्नो देशले धेरै समस्याको सामना गरिरहेका बेला रोहिङ्ग्यालाई शरण दिएको बताउँदै उहाँले अब उनीहरू आफ्नो देश फर्कनुपर्नेमा जोड दिनुभयो। उक्त समस्या समाधानमा छिमेकी देशका नाताले भारतले ठूलो भूमिका निर्वाह गर्नसक्ने उहाँले बताउनुभयो। टिस्टा नदीको पानी बाँडफाँटलगायत आपसी विवाद समाधान हुन नसक्ने आफूलाई नलागेको उहाँले बताउनुभयो। भारतसँगका सम्बन्धका सबै विषयमा नयाँदिल्लीमा छलफल हुने पनि उहाँले स्पष्ट गर्नुभयो।

### तीन करोड तीसलाख बाढीपीडितलाई सहयोग गर्न पाकिस्तानको अपिल

इस्लामाबाद, १९ भदौ, (रासस/एपी)।

पाकिस्तानले हालैको बाढीबाट प्रभावित भएका देशका तीन करोड ३० लाख बाढीपीडितलाई सहयोग गर्न अन्तरराष्ट्रिय समुदायसमक्ष अपिल गरेको छ।

बाढीमा परेर झण्डै एक हजार तीन सय जनाको मृत्यु भएको जनाउँदै पाकिस्तान सरकारले मानवीय सहायताको प्रतीक्षामा रहेका तीन करोड ३० लाख आफ्ना नागरिकका निम्ति सहयोग गर्न अन्तरराष्ट्रिय समुदायसँग आग्रह गरेको हो।

सङ्घीय योजना मन्त्री अहसान इकबालले निरन्तरको वर्षासँगै आएको बाढीले तीन करोड ३० लाख सर्वसाधारण प्रभावित भएका, ज्यान गुमाउने र घरबारविहीन हुनेको सङ्ख्या बढ्दै गएपछि शनिबार अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनु भएको हो।

"पाकिस्तानी प्रवासीहरू र अन्तरराष्ट्रिय समुदायलाई चरम अभावको यो घडीमा पाकिस्तानलाई सहयोग गर्न अपील गर्दछु," पत्रकार सम्मेलनमा उहाले आह्वान गर्दै भन्नुभयो। सरकारको प्रारम्भिक अनुमानअनुसार वर्षा र बाढीबाट १० अर्ब डलर बराबरको क्षति भएको छ।

संयुक्त राष्ट्रसङ्का महासचिव एन्टोनियो गुटेरेसलगायत धेरै अधिकारी र विज्ञले असामान्य वर्षा र बाढीलाई जलवायु परिवर्तनलाई दोष दिएका छन् महासचिव गुटरेस आगामी शुक्रबार पाकिस्तानको वस्तुस्थितिबारे जानकारी लिन बाढी प्रभावित क्षेत्रको भ्रमण तथा सरकारी अधिकारीहरूसँग भेटघाट गर्दै हुनुहुन्छ।

पाकिस्तानको राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरणले शनिबार आफ्नो पछिल्लो प्रतिवेदनमा बाढी प्रभावित क्षेत्रमा थप ५७ जनाको मृत्यु भएको जनाएको छ। जुनको मध्यदेखि सुरु भएदेखि मनसुन वर्षाले ल्याएको बाढीपहिरामा परेरर चार सय ४१ बालबालिकासहित एक हजार दुई सय ६५ जनाको मृत्यु भइसकेको छ।

यसअघि प्रधानमन्त्री शाहबाज शरीफले पनि सहायताका निम्ति गर्नुभएको आह्वानको तत्काल जवाफ प्राप्त भएको थियो। फलस्स्वरुप विभिन्न देशले राहत सामग्री इस्लामावाद ल्याएका थिए।

# विगत ३३ दिनदेखि मिटरब्याजी बिरुद्धको आन्दोलनलाई निरन्तरता



**दैनिक समाचारदाता**
**गौशाला (महोत्तरी), १९ भदौ ।**

मिटरब्याजी पीडितहरुद्वारा काठमाडौंस्थित माइतिघर मण्डलामा विगत ३३ दिनदेखि मिटरब्याजी बिरुद्धको आन्दोलनलाई निरन्तरता दिइरहेका छन् ।

सो आन्दोलनमा एक्यबद्धता जनाउँदै नेकपा एमालेका युवा नेता शंकर महतोले मिटरब्याजीलाई जेलमा कोच्न नयाँ कानूनको आवश्यक रहेको बताएका छन् । उनले सुदखोरबाट पीडित भएका गरिब, किसान र मजदुरहरुलाई न्याय दिलाउन सरकारले कानुन संसोधन गर्नु पर्ने बताए ।

'नेपालको कानुन महाजनकै पक्षमा अहिले पनि छ । यसले गर्दा हजारौं हजार मजदुर, किसानहरु मर्कामा छन् । सरकारको कानुनबाट पनि पीडित छन् । कानुन संसोधन नगरिकन पीडितले न्याय पाउन सक्दैन', उनले भने ।

साहुको भेषमा सुदखोरहरुले गरिब, निमुखा र मजदुरमाथि अन्याय, अत्याचार गरिहेको नेता महतोले बताए । 'सरकारले समय टार्नका लागि कार्यदल बनाएको छ । जुन कार्यदललाई कुनै अधिकारै छैन', उनले भने ।

गृहमन्त्रालयले जिल्ला प्रसाशन कार्यालयमा पत्र पठाएर पीडकसंग पीडितलाई मिलापत्र गराउन लागेको बताउँदै उनले यस्ता गम्भीर प्रकृतिको मुद्दामा मिलापत्र गराउन नहुने उनले बताए । 'यस समस्याबाट हजारौ, हजार घरपरिवार यसबाट पीडत छन् । सरलक्क एउटा शब्दमा मिटरब्याजी भनेर पुग्दैन । तमसुक बनाएकै आधारमा पीडतहरुसंग ब्ल्याक मेलिङ गर्छन् । अदालतमा मुद्दा हालेर असुल उपर गर्ने वा उसको जग्गा जमिनबाट असुल उपर गर्दै आएका छन् ।

बिगत तीन वर्षदेखि मिटरब्याजी, जालीतमसुक र ठगी बिरुद्धको आन्दोलन गाउँ, जिल्ला, प्रदेश हुँदै ३३ दिनदेखि काठमाडौंका जारी छ ।

# जनताको घर दौलोमा पुग्दै उम्मेदवारका आकांक्षी यादव

**दैनिक समाचारदाता**
**राजविराज, १९ भदौ ।**

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि उम्मेदवारका आकांक्षीहरुले जनताको घर दौलोमा पुगेर भेटघाट गर्ने क्रमलाई तिब्रता दिदैछन् ।

सप्तरी क्षेत्र नं. २ को ख बाट प्रदेशसभा सदस्यका लागि आकांक्षी रहेका नेकपा ( माओवादी केन्द्र) का युवा नेता महेश प्रसाद यादवले गाउँ, टोलमा पुगेर जनतासमक्ष मत माग्न लागिपरेका छन् ।



यसैक्रममा आइतबार उनी राजविराज ६ खरसाल टोलमा स्थानियबासीसँग भेटघाट गर्दै वर्तमान जनप्रतिनिधिले यस क्षेत्रमा उल्लेख्य काम गर्न नसेकेको प्रति असन्तुष्टि व्यक्त गर्दै जनताले विकासको कयापलट हुने गरी परिर्वतन चाहेकोले सो खाडललाई पुरा गर्ने उनले प्रतिबद्धता ब्यक्त गरे ।

उनले समाजमा हरेक क्षेत्रमा विकासको कयापलट ल्याउन राजविराज सदरमुकाम रहेको क्षेत्रबाट सत्ता पक्षिय गठबन्धनबाट प्रदेश सभा सदस्यका लागि उम्मेदवारी दिने बताए ।

उनले निर्वाचित जनप्रतिनिधिले कमिशनखोरीलाई आत्मसात गरेको कारण अवस्था हाल सम्म विकसित हुन सकेको जिकिर गरे । भारतको जयपुरको नक्सामा आधारित देशकै पहिलो टाउन प्लानिङ्ग सिटि राजविराजमा कसैको ध्यान नपुगेकोमा दु:ख व्यक्त गरे ।

सो अवसरमा स्थानिय समाजसेवी, बुद्धिजिवी, महिला, युवा, पार्टीका नेता रामगमन साह, मुकेश यादव, भुपेन्द्र यादव, मनोज यादवलगायतको सहभागिता रहेको थियो ।

सप्तरीको निर्वाचन क्षेत्र नम्वर २ को (ख) मा राजविराज नगरपालिका र महादेवा गापाको वडा नं. १ पकरी तथा वडा नं. ३ बथनाहा रहेको छ ।


**बाढीपहिरोबाट जोगिऔं**

- जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउँछ ।
- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**
**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५


दर्ता नं. ११/०६८/०६९

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज-९, मलेठ, सप्तरी

**विषय- उपस्थिति वारे ।**

मिति २०७९।०५।१९

महोदय्

उपरोक्त विषयमा यस संस्थाको संचालक समितिको मिति २०७९।०३।३२ गते बसेको बैठकको निर्णयनुसार संस्थाको ११ औं वार्षिक साधारण सभा तपसिलको प्रस्तावहरु उपर छलफल गरी निर्णयका लागि तपसिलका मिति, समय र स्थानमा हुने भएको हुँदा उक्त सभामा उपस्थितिको लागि सम्पूर्ण शेयर सदस्यज्युहरुलाइ जानकारी पत्र पठाइ सकिएको छ , कुनै कारणवस पत्र प्राप्त न भएको भए यसै सुचनालाइ आधारमानी उपस्थितिकोलागी हार्दिक अनुराध गरिन्छ ।

तपसिल

१. संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षिय प्रतिवेदन उपर छलफल तथा पारित सम्बन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल तथा पारित सम्बन्धमा ।
३. कोषाध्यक्ष प्रतिवेदन उपर छलफल तथा पारित सम्बन्धमा ।
४. आ.व.२०७८।०७९ को वार्षिक लेखा परिक्षण प्रतिवेदन उपर छलफल तथा पारित सम्बन्धमा ।
५. आ.व. २०७९।०८० को वार्षिक कार्य योजना उपर छलफल तथा पारित सम्बन्धमा ।
६. साधारण सभाका निर्णय लेखन तथा प्रमाणिकरण समिति चयन सम्बन्धमा ।
७. आ.व. २०७९।०८० को लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक उपर छलफल तथा पारित सम्बन्धमा ।
८. आ.व. २०७८।०७९ को कोष हिंसाव खर्च सम्बन्धमा ।
९ वाह्य दायित्व सम्बन्धमा ।
१०.संस्थाको विनियम पुनरालेखन सम्बन्धमा ।
११. संस्थाको कार्यविधी नितीहरु उपर छलफल तथा पारित सम्बन्धमा ।
१२. विविध

तपसिल

१.मिती :- २०७९/०५/२४ गते शुक्रवार
२.समय :- विहान १० बजे देखि
३.स्थान :- संस्थाको सेलर मिल राजविराज ९ मलेठ, रुपनी रोड सप्तरी

विश्वनाथ मण्डल
अध्यक्ष


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्भनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*